भीमेश्वर नगरपालिका

दोलखा जिल्ला, प्रदेश नं. ३

# भीमेश्वर नगरपालिका राजपत्र

**नगर कार्यपालिकाद्वारा प्रकाशित**

खण्ड : १ संख्या : ६ मिति : २०७५/०१/८

## भाग-१

## कृषि तथा पशुपालन सम्बन्धी बनेको ऐन, २०७४

**प्रस्तावना :**

भीमेश्वर नगरपालिकाको क्षेत्र भित्रको कृषि तथा पशुपालन पेशाको आधुनिकिकरण तथा व्यवसायीकरण गर्न, कृषि तथा पशुपालन कृषि तथा पशुपालन सम्बन्धी उत्पादनको व्यवस्थापन, व्यवसायको प्रवर्द्धन तथा स्वस्थ मूल्य श्रृङ्खला स्थापित गर्न, कृषि प्रसार सम्बन्धी कार्यक्रमको व्यवस्थापन, सचालन तथा नियन्त्रण गर्न, पशु स्वास्थ्य र कृषि तथा पशुका स्थानीय प्रजातिको संरक्षण एवं प्रवर्द्धन गर्न तथा नगरपालिका क्षेत्रलाई क्रमशः विषादिरहित बनाउनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

भीमेश्वर नगरपालिकाको नगरसभाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम यो ऐन बनाएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "कृषि तथा पशुपालन सम्बन्धी ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “उत्पादक” भन्नाले कृषि वा पशुपालन सम्बन्धित वस्तु उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषि फार्म वा सहकारी उत्पादक सम्झनु पर्छ ।

(ख) “एजेन्ट” भन्नाले कृषि उद्यमी, व्यवसायी, कृषि बजार वा कृषिजन्य वस्तुहरूको कारोबार गर्ने दर्तावाला व्यक्ति सम्झनु पर्छ र सो शव्दले सँगठित संस्थाको प्रतिनिधिलाई समेत जनाउँछ ।

(ग) “कार्यपालिका” भन्नाले भीमेश्वर नगर कार्यपालिका सम्झनुपर्छ ।

(घ) “कोष” भन्नाले यस ऐनको दफा १० बमोजिम स्थापित कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोषलाई सम्झनु पर्छ ।

(ङ) “कृषक” भन्नाले यस ऐनको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा खेती वा पशुपालन गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायी, कृषि फर्म र कृषि सहकारी समेतलाई सम्झनु पर्छ ।

(च) “कृषि” भन्नाले अनुसूची (१) मा उल्लेख भए बमोजिमका बिषयसँग सम्वन्धित कृषिलाई सम्झनु पर्दछ र सो शव्दले व्यावसायिक कृषिलाई समेत जनाउँछ ।

(छ) “कृषि फार्म” भन्नाले व्यवसायिक प्रयोजनको लागि अनुसूची (१) बमोजिमका बाली उत्पादनका लागि सञ्चालन गरिएको कृषि फार्म सम्झनु पर्छ ।

(ज) “कृषि बजार” भन्नाले कृषि उपजको ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा कृषि उपजको बिक्री वितरण गर्ने कृषि बजार सम्झनु पर्छ ।

(झ) “कृषि वस्तु” भन्नाले कृषकले कुनै बोट विरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु सम्झनु पर्छ ।

(ञ) “कृषि व्यवसाय” भन्नाले देहायको व्यवसाय सम्झनु पर्छ :-

(१) व्यावसायिक उद्देश्यले गरिने कृषि बाली वा बस्तुको उत्पादन ,

(२) कृषिजन्य वस्तुको प्रशोधन,

(३) कृषि उपजको व्यापार,

(४) कृषि उत्पादनका लागि प्रयोग हुने रासायनिक वा प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा वितरण,

(५) कृषि उत्पादनको लागि प्रयोग हुने विउ, वेर्ना, नश्ल र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण तथा वितरण,

(६) कृषिमा प्रयोग हुने औषधि एवम् विषादीको उत्पादन, परामर्श, भण्डारण तथा बिकी व्यवसाय ।

(ट) "खुद्रा बजार" भन्नाले कुनै विक्रेताले उपभोक्तालाई बिक्री गर्ने खुद्रा बजारलाई सम्झनु पर्छ ।

(ठ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ड) "थोक बजार" भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई कृषि वस्तु बिक्री वितरण गर्ने थोक बजारलाई सम्झनु पर्छ ।

(ढ) "प्रमुख" भन्नाले भीमेश्वर नगरपालिकाका प्रमुख सम्झनुपर्छ ।

(ण) "नगरपालिका" भन्नाले भीमेश्वर नगरपालिका सम्झनु पर्छ ।

(त) "प्रमुख" भन्नाले भीमेश्वर नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(थ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भीमेश्वर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(द) "पशुपालन" भन्नाले कृषकले पशु चौपाया वा पंक्षी वा मत्स्यपालन समेतको व्यवस्थित तरिकाले गर्ने उत्पादन तथा व्यवस्थापनको कार्यलाई सम्झनु पर्छ ।

(ध) "पशु व्यवसाय" भन्नाले देहायको व्यवसाय सम्झनु पर्छ :-

(१) व्यावसायिक उद्देश्यले गरिने पशुपंक्षीको पालन पोषण तथा व्यवस्थापन,

(२) पशुपंक्षीजन्य वस्तुको प्रशोधन,

(३) पशुपंक्षी उपजको व्यापार,

(४) पशुपंक्षी व्यवसायका लागि आवश्यक पर्ने दाना तथा खाद्यान्नको उत्पादन, भण्डारण तथा वितरण,

(५) पशुपंक्षी व्यवसायका लागि आवश्यक पर्ने नश्ल र भुराको उत्पादन, संरक्षण, परामर्श सेवा, भण्डारण तथा वितरण,

(६) पशुपंक्षी एवं माछाजन्य पेशाका लागि आवश्यक पर्ने औषधि उत्पादन, परामर्श, भण्डारण तथा बिकी व्यवसाय ।

(न) "पशु फार्म" भन्नाले व्यवसायिक प्रयोजनको लागि चौपाया, पंक्षी तथा माछापालन फार्म समेतलाई सम्झनु पर्छ ।

(प) "पशु बजार" भन्नाले कृषकले पशु चौपाया वा पंक्षी वा माछाको व्यवस्थित तरिकाले गर्ने विकी वितरणका लागि सञ्चालन गरिने हाट बजार वा नगरपालिकाले तोकेको क्षेत्रमा सञ्चालित पसललाई सम्झनु पर्छ ।

(फ) "बिक्रेता" भन्नाले कृषि वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषि फार्म, सहकारी संस्था, कम्पनी वा एजेन्ट बिक्रेता समेतलाई सम्झनु पर्छ ।

(ब) "वडा" भन्नाले भीमेश्वर नगरपालिकाको वडा सम्झनुपर्छ ।

(भ) "सभा" भन्नाले भीमेश्वर नगरसभालाई सम्झनुपर्छ ।

(म) ''समिति" भन्नाले यस ऐनको दफा (८) बमोजिम गठन भएको नगर कृषि तथा पशुपालन समितिलाई सम्झनु पर्छ ।

(य) "संकलन केन्द्र" भन्नाले कृषकहरुले दोस्रो बजारमा विक्री गर्ने उद्देश्यले कृषि उपज संकलन गरेर विक्रेतालाई विक्री गर्ने संकलन केन्द्रलाई सम्झनु पर्छ ।

(र) "हाट-बजार" भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन विक्री गर्ने उद्देश्यले स्थानीय तहबाट स्वीकृत लिई संचालन भएको हाट बजारलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## कृषि बजार सम्वन्धी व्यवस्था

**३ कृषि बजारको स्थापना :** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र कृषि बजारको स्थापना गर्न सक्नेछ ।

(२) कृषि सम्वन्धी सहकारी वा व्यवसायिक संस्थाले नगरपालिकाको अनुमति लिई कृषि बजारको स्थापना गर्न सक्नेछ ।

४. **कृषि बजारको वर्गीकरण** : (१) यस ऐनको दफा ३ बमोजिम स्थापना हुने कृषि बजारको वर्गीकरण देहाय बमोजिमको हुनेछ :-

(क) थोक बजार,

(ख) खुद्रा बजार,

(ग) हाट-बजार,

(घ) संकलन केन्द्र ।

(२) उपदफा (१) बमोजिमको बजार सञ्चालन वापत लाग्ने शुल्क सभाले तोके बमोजिम हुनेछ ।

(३) बजार सञ्चालन सम्वन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

५. **कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति** : (१) यस ऐनको दफा (३) बमोजिम स्थापना भएको कृषि बजारको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि एक कृषि बजार तथा व्यवस्थापन समिति रहनेछ ।

(२) कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६. पशु बधशालाको स्थापना :** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र पशुबधशाला स्थापना गर्न सक्नेछ ।

(२) पशुपंक्षी सम्बन्धी सहकारी वा व्यवसायिक संस्थाले नगरपालिकाको अनुमति लिई पशु बधशालाको स्थापना गर्न सक्नेछ ।

(३) नगरपालिकाले सहकारी वा व्यवसायिक संस्थासँग सार्वजनिक निजी साझेदारीमा पशुबधशाला स्थापना गरी सञ्चालन गराउन सक्नेछ ।

(४) पशु बधशालाको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

७. **पशु बधशाला सञ्चालन तथा व्यवस्थापन समिति** : (१) यस ऐनको दफा (३) बमोजिम स्थापना भएको पशु बधशालाको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि एक पशु बधशाला सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

(२) पशु बधशाला सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ३

## कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था

८. **नगर कृषि तथा पशुपालन समिति :** (१) कृषि एवं पशुपालन क्षेत्रको समग्र विकास तथा कृषि व्यवसाय समेतको प्रवर्द्धन लगायतका कार्य गर्न कार्यपालिकालाई नीतिगत सुझाव दिन तथा स्वीकृत नीति कार्यान्वयन गर्न एक नगर कृषि तथा पशुपालन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोमिजका सदस्यहरु रहने छन् :-

(क) प्रमुख – अध्यक्ष

(ख) कृषि क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य – सदस्य

(ग) प्रमुखले तोकेका एक दलित तथा एक महिला सहित कार्यपालिकाका दुई सदस्य - सदस्य

(घ) कृषि तथा पशुपालन सम्बन्धी नगरस्तरीय सहकारीका सञ्चालक मध्ये प्रमुखले तोकेका एक जना सदस्य - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) नगरपालिका स्तरीय खाद्य सुरक्षा समितिको संयोजक वा प्रमुख – सदस्य

(ङ) समितिले मनोनयन गरेको विज्ञ सदस्य एक जना – सदस्य

(च) समितिले मनोनयन गरेको व्यवसायिक किसानमध्ये एक जना – सदस्य

(छ) नगरपालिकाको पशु चिकित्सक वा कृषि अधिकृत – सदस्य

(ज) नगरपालिकाको कृषि शाखा प्रमुख – सदस्य सचिव

(३) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्न उप–समितिहरु गठन गर्न सक्नेछ ।

(६) समितिको सचिवालय नगरपालिकामा रहनेछ ।

९. **समितिको काम, कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र व्यवस्था भएदेखि वाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नगरपालिका क्षेत्रमा कृषि एवं पशुपालन व्यवसाय प्रवर्द्धन गर्न आवश्यक नीति तथा योजना प्रस्ताव गर्ने,

(ख) कृषि तथा पशुपालनलाई मानव स्वास्थ्य अनुकुल व्यवसायिक रुपमा प्रवर्द्धन गर्न आवश्यक योजना तथा सांगठनिक संरचनाको प्रस्ताव तयार गर्ने,

(ग) कृषि तथा पशुपालन व्यवसायको प्रवर्द्धन गर्ने सम्बन्धमा आवश्यक कार्यक्रम, बजेट तथा संरचनाको खाका प्रस्ताव गर्ने,

(घ) कृषि तथा पशुपालन व्यवसायको प्रवर्द्धन गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य आवश्यक प्रवर्द्धनात्मक कार्यहरु पहिचान गरी प्रस्ताव गर्ने,

(ङ) कृषि तथा पशुपालन व्यवसाय सम्बन्धी योजनाको अनुगमन गर्ने,

(च) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्ने ।

१०. **वडा कृषि तथा पशुपालन समिति :** (१) वडाको कृषि एवं पशुपालन क्षेत्रमा भएका सम्भवनालाई योजना प्रकृयामा लैजान र स्वीकृत योजनालाई कृषक समूह परिचालनका माध्यमबाट कार्यान्वयन गर्न प्रत्येक वडामा एक वडा कृषि तथा पशुपालन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोमिजका सदस्यहरु रहने छन् :-

(क) वडा अध्यक्ष – अध्यक्ष

(ख) वडा समितिका सदस्य ४ जना – सदस्य

(ग) वडा स्तरीय कृषि तथा पशुपालन सहकारी मध्येबाट वडा अध्यक्षले तोकेका प्रतिनिधि १ जना - सदस्य

(घ) वडा सचिव – सदस्य सचिव

(३) समितिले अगुवा कृषक तथा पशुपालकलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आंफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिको सचिवालय वडा कार्यालयमा रहनेछ ।

११. **वडा कृषि तथा पशुपालन समितिको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र व्यवस्था भएदेखि वाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नगरपालिका क्षेत्रमा कृषि एवं पशुपालन व्यवसाय प्रवर्द्धन गर्न आवश्यक योजनाको पहिचान गरी नगरपालिकाको योजना तर्जुमा प्रकृयामा लैजाने,

(ख) नगरपालिकाबाट स्वीकृत वार्षिक योजना कार्यान्वयनका लागि वडामा कृषक सहभागिता अभिवृद्धि गराउने,

(ग) वडामा सञ्चालित नगरपालिका तथा गैर सरकारी संघ संस्थाबाट सञ्चालित कृषि तथा पशुपालनसँग सम्बन्धित योजनाहरुको अनुगमन गर्ने,

(घ) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्ने ।

१२. **कृषि तथा पशुपालन व्यवसायलाई सुविधा दिइने :-** (१) कार्यपालिकाले कृषि तथा पशु व्यवसायका लागि देहाय बमोजिम छुट तथा सुविधा दिन सक्नेछ :-

(क) स्थानीय कर एवं निकासी शुल्क,

(ख) कृषि तथा पशुव्यवसाय प्रवर्द्धन गर्न आवश्यक अनुदान ।

(२) उपदफा (१) बमोजिम दिइने छुट तथा सुविधाहरु तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम दिइने सुविधाको अतिरिक्त अन्य सुविधा समितिको सिफारिसमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ४

## कृषि तथा पशुपालन व्यवसाय कोषको स्थापना तथा सञ्चालन

१३. **कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोषको स्थापना** : (१) लागि एक छुट्टै कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् :-

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) नगरपालिकाबाट प्राप्त रकम,

(ग) नेपाल सरकार मार्फत विदेशी सरकार तथा अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

१४. **कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोषको सञ्चालन :** (१) दफा (१०) बमोजिम स्थापना भएको कोषको सञ्चालन देहायका कार्यका लागि गरिनेछ ।

(क) कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन गर्न,

(ख) कृषि तथा पशु उत्पादनको बजार प्रवर्द्धन गर्न,

(ग) कृषि तथा पशुसेवा सम्बन्धी प्राविधिक उत्पादन गर्न,

(घ) जैविक खेतीको विस्तार तथा प्रवर्द्धन गर्न,

(ङ) स्थानीय नश्लका पशुपंक्षीको संरक्षण र विस्तार गर्न,

(च) कृत्रिम गर्भाधानद्वारा उन्नत नश्लको विकास र विस्तार गर्न,

(छ) माटो परीक्षण तथा उत्पादकत्व संरक्षण गर्न,

(ज) कृषि तथा पशुपंक्षी क्वारेण्टाईनको सञ्चालन गर्न,

(झ) कृषि तथा पशुपालन क्षेत्रमा अध्ययन, अनुसन्धान गर्न,

(ञ) बाली तथा पशुपंक्षी वीमा प्रवर्द्धन तथा विस्तार गर्न,

(ट) कृषि तथा पशुपालन क्षेत्रमा आवश्यक अनुदान उपलब्ध गराउन,

(ठ) व्यवस्थित कृषि बजार तथा पशुबधशाला निर्माण गर्न,

(ड) कृषि तथा पशुपालन सम्बन्धी तालिम तथा शिक्षा विस्तार गर्न,

(ढ) अनुगमन तथा मूल्याँकन सम्बन्धी कृयाकलाप सञ्चालन गर्न,

(ण) तोकिएका अन्य कार्य गर्न ।

(२) नगरपालिकाको कृषि तथा पशुपालन सम्बन्धी वार्षिक कार्यक्रम कोष मार्फत सञ्चालन हुनेछ ।

(३) कोषमा रहेको रकम वाणिज्य बैकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(४) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र नगरपालिकाको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(५) कोषको सचिवालय नगरपालिकामा रहनेछ ।

(४) कोषको सञ्चालन सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**१५. कोषको लेखा र लेखापरीक्षण** : (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) कोषको आन्तरिक लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखा परीषण प्रणालीबाट र अन्तिम लेखापरीषण नगरपालिकाको अन्तिम लेखापरीक्षण प्रणालीबाट हुनेछ ।

## परिच्छेद ७

## विविध

**१६. व्यवसाय दर्ता गर्नु पर्ने** : (१) व्यवसायिक रुपमा कृषि वा पशुपालन व्यवसाय सञ्चालन गर्न चाहने कृषक वा कृषि फार्मले दर्ता नगरी व्यवसाय सञ्चालन गर्नु हुदैन ।

(२) उपदफा (१) बमोजिमको व्यवसायको दर्ता प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीले गर्नेछ ।

(३) व्यवसाय दर्ता गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(४) व्यवसायिक कृषि तथा पशुपालन सम्बन्धी मापदण्ड अनुसूची- २ मा उल्लेख भए बमोजिम हुनेछ ।

**१७. पेशा दर्ता गराउनु पर्ने :** (१) नगरपालिका क्षेत्रभित्र कृषि प्राविधिक वा पशु चिकित्सक वा पशुसेवा प्रदान गर्ने प्राविधिक भई कार्य गर्नेले नगरपालिकामा दर्ता गराउनु पर्नेछ ।

(२) नगर कृषि समितिले दर्ता भएका कृषि तथा पशुसेवा प्राविधिकको आवश्यकता अनुसार सेवा लिन सक्नेछ ।

तर यस्तो सेवा स्थायी नभई पटके कार्यका लागि मात्र लिनु पर्नेछ ।

**१८. कसूर तथा दण्ड सजाय** : (१) कसैले यस ऐनको देहाय बमोजिम कसुर गरेमा देहाय बमोजिमको सजाय हुनेछः

(क) नगरपालिकाको अनुमति बिना र नगरपालिकाले तोकेको क्षेत्र बाहिर कृषि बजार स्थापना र सञ्चालन गरेमा पच्चिस हजार देखि पचास हजार रूपैयाँसम्म,

(ख) नगरपालिकामा व्यवसाय दर्ता नगरी कृषि तथा पशुजन्य सामग्रीको व्यवसाय सञ्चालन गरेमा पच्चिस हजारदेखि पचास हजार रूपैयाँसम्म,

(ग) क्वारेण्टाईन जाँचबाट कुनै कृषि उपज वा पशुपंक्षी वा पशुपंक्षी उत्पादन मानव स्वास्थ्य प्रतिकूल देखिएमा जफत गरी नष्ट गरिनेछ र कसूरको मात्रा बमोजिम रु. पच्चीस हजार देखि रु. एक लाख सम्म जरिवाना तथा प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

(घ) कृषि तथा पशुसेवा प्राविधिकले नगरपालिकामा दर्ता नगराई सेवा सञ्चालन गरेमा रु. एक हजार देखि रु. दश हजार सम्म जरिवाना हुनेछ ।

(घ) यस ऐन वा यस ऐन अन्तरगत बनेको नियमावली विपरित कुनै कार्य गरी त्यसबाट कसैको हानी नोक्सानी भएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजबाट नै भराईनेछ ।

१९. **नियम वनाउन सक्ने** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

२०. **खारेजी र बचाऊ :** यस ऐनको उद्देश्य तथा बिषयक्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन वमोजिम भएको मानिनेछ ।

# अनुसूची -१

दफा २ को खण्ड (च) सँग सम्बन्धित

(१) खाद्यान्न बाली,

(२) वागवानी जन्यः फलफूल, तरकारी, मसलाबाली, पुष्प

(३) पशु, पन्छी

(४) माछा, मासु, दुध, फुल, हाड, छाला, ऊन

(५) च्याउ,

(६) मौरी, रेशम

(७) चिया, कफी, अलैची, सुपारी, घाँसेवाली

(८) तेलहन, दलहन

(९) कपास, जुट, उखु, रबरखेती, टिमुर

(१०) कृषि पर्यटन

(११) कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन र सो शब्दले औधोगिक प्रयोजनमा हुने कृषिवस्तुहरु

(१२) कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन उद्योग

(१३) कृषि तथा पशुजन्य उत्पादन सामाग्री (दाना, मलखाद्य, विषादी, औषधी) आदिको प्रशोधन उद्योग

(१४) कृषि प्रणालीमा समाबिष्ट कृषि तथा पशुजन्य बस्तहरु तथा नश्ल सुधार ,

(१५) पशुस्वास्थ्य,

(१६) कृषि तथा पशु वीमा ।

## अनुसूची २

## व्यवसायिक कृषि तथा पशुपालन मापदण्ड

दफा १४ को उपदफा (२) सँग सम्बन्धित

(१) व्यवसायिक पशुपालन गर्नका व्यवसायिक पशुपालकका रुपमा सूचिकृत हुनका लागि उन्नत गोठ वा खोर सहित न्यूनतम देहाय मध्ये कुनै एक वा एक भन्दा बढी मापदण्ड पुरा गर्नु पर्नेछ :

(क) उन्नत गाई पालन ३ देखि ५ संख्या

(ख) उन्न्त भैसी पालन २ देखि ४ संख्या

(ग) बाख्रा माउ बाख्रा पालन १० देखि ५० संख्या

(घ) भेडा पालन ५० देखि १०० संख्या

(ङ) बंगुर पालन २ माउ देखि ५ माउ

(च) कुखुरा पालन २०० देखि ३००० सम्मको संख्यामा लेर्यस, ब्रोइलर, गिरिराज कुखुरा

(छ) स्थानीय जातका कखुरा ५० माउ पोथी १० भाले कुखुरा

(ज) १ रोपनी भन्दा बढी जग्गामा माछा पालन

(२) व्यवसायिक कृषकका रुपमा सूचिकृत हुनका लागि देहाय मध्ये कुनै एक वा एक भन्दा बढी न्यूनतम मापदण्ड पुरा गर्नु पर्नेछ :

(क) ५ रोपनी भन्दा बढी जग्गामा तरकारी खेती

(ख) २ रोपनी भन्दा बढी जग्गामा फलफूल खेती

(ग) १० वटाभन्दा बढी मौरीका घारहरु

(घ) १० रोपनी भन्दा बढी जग्गामा चिया वा कफी खेती

(ङ) १० रोपनी भन्दा बढी जग्गामा मसला जातको खेती

आज्ञाले,

शंकर नेपाल

प्रमुख प्रशासकीय अधिकृत